# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स. ०७९/८० (प्रशासन)
च.न. १४३१

मितिः- २०७९/०६/२८

श्री रत्ननगर नगरपालिकामा कार्यरत कर्मचारी/शिक्षक सबै ।
रत्ननगर, नगरपालिका ।

बिषयः- आचारसंहिताको पालना सम्बन्धमा ।

प्रस्तुत बिषयमा जिल्ला निर्वाचन कार्यालय भरतपुर चितवनको मिती २०७९/०६/२८ गतेको च.नं.१०६ २०७९ मसिंर ०४ गते हुने गते हुने प्रतिनिधी सभा तथा प्रदेश सभा सदस्य निर्वाचन स्वच्छता, निश्पक्षता, धाधलीरहित, पारदर्शी, भयमुक्त वातावरणमा सम्पन्न गर्न मिति २०७९/०६/१२ गतेबाट आचारसंहिता लागु भएकाले आचारसंहिताको पुर्ण रुपमा पालना गर्नु/गराउनु हुन भनि निर्वाचन आयोगको मिति २०७९ असोज २७ गतेको प्रेस विज्ञप्ति सहित निर्देशन भई आएको हुदाँ यस नगरपालिका अन्तरगतका सम्पुर्ण कर्मचारी/शिक्षकहरुलाई निर्वाचन आचारसंहिता २०७९ को पुर्ण पालना गर्नुहुन जानकारीको लागि अनुरोध छ ।

(बद्रिनारायण शर्मा)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

## निर्वाचन आचारसंहिता पालना गराउन कार्यालय प्रमुखहरूलाई विशेष निर्देशनबारे

### प्रेस विज्ञप्ति

मिति: २०७९ असोज २७ गते

संवत २०७९ मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष एवं धाँधलीरहित बनाउने सन्दर्भमा निर्वाचन आयोगको निर्वाचन आचारसंहिता केन्द्रीय अनुगमन समितिको बैठकले निर्वाचन आचारसंहिता, २०७९ पालना गर्नुपर्ने दायित्व भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति जस्ता निकायमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा विद्यालय वा विश्वविद्यालयका शिक्षक, प्राध्यापक, कर्मचारीलगायत निर्वाचनको काममा संलग्न कर्मचारीले निर्वाचन आचारसंहिता विपरितको काम कारवाही गरेको अवस्थामा निजहरूलाई कानून बमोजिम कारवाही गर्नुपर्ने भएकोले कुनै कर्मचारीले राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुने वा प्रचारप्रसार गर्ने, सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्ने वा सामाजिक सञ्जालमार्फत मत माग्ने लगायतका निर्वाचन आचारसंहिता विपरितको काम कारवाही गरेमा त्यस्ता कर्मचारी, शिक्षक, प्राध्यापक, सुरक्षाकर्मीसमेतलाई निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसूर र सजाय) ऐन, २०७३, निर्वाचन आचारसंहिता, २०७९ तथा प्रचलित कानून बमोजिम विभागीय कारवाही गरी सोको जानकारी निर्वाचन आयोग र सम्बन्धित जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिलाई गराउन निर्वाचन आचारसंहिता लागू हुने सबै निकायका प्रमुखलाई निर्देशन दिने निर्णय गरेको छ ।

साथै, निर्वाचन आचारसंहिता, २०७९ विपरित कार्य गर्ने कर्मचारी, शिक्षक, प्राध्यापक, सुरक्षाकर्मी तथा निर्वाचन आचारसंहिता पालना गर्नु पर्ने दायित्व भएका कुनै व्यक्तिलाई उपरोक्त निर्णय बमोजिम कारवाही नगर्ने कार्यालय प्रमुखलाई निर्वाचन आयोग ऐन, २०७३ बमोजिमको कारवाही गरी सोको विवरण केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पेश गर्न निर्वाचन आयोगको सचिवालयलाई निर्देशन दिएको छ ।

०७९।६।२७

कमल भट्टराई

उपसचिव एवं एवं सहायक प्रवक्ता


कान्तिपथ, काठमाडौं नेपाल, फोन नं. (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal. Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np